STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १०४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख १५ गते बिहीबार ❑ 28 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## चुनावी गतिविधि बढाउँदै दलहरू

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ बैशाख**

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि कास्कीमा क्रियाशील राजनीतिक दलहरूले चुनावी गतिविधिलाई तीव्रता दिएका छन् । निर्वाचनका लागि उम्मेदवारी मनोनयन दर्ता गरेसँगै दलहरूको चुनावी अभियानले गति लिएको हो ।

भूगोलका हिसाबले देशकै ठूलो पोखरा महानगरपालिकासहित पाँचवटा पालिका रहेको कास्कीमा नेपाली कांग्रेससहितको पाँचदलीय गठबन्धन, नेकपा (एमाले)सहित अन्य दल एवम् स्वतन्त्रबाट प्रमुख/उपप्रमुख, वडा अध्यक्ष एवम् सदस्यसहित कूल एक हजार ४९१ जनाको उम्मेदवारी परेको छ । निर्वाचनबाट कूल ३७० जना जनप्रतिनिधि जिल्लामा निर्वाचित हुनेछन् । उम्मेदवारी मनोनयनसँगै कतिपय स्थानमा गठबन्धन एवम् दलसँग सम्बद्ध नेता तथा कार्यकर्ताले स्वतन्त्र उम्मेदवारी दिएका कारण उक्त उम्मेदवारी फिर्ता गराउनेतर्फ पनि दलहरूको सक्रियता बढेको छ । उम्मेदवारको अन्तिम नामावली तयार भएपछि १६ गतेदेखि मतदाता भेटघाट एवम् घरदैलो कार्यक्रमलाई अझै सक्रियताका साथ अघि बढ्ने नेताहरू बताउँछन् । कांग्रेसले निर्वाचनको तयारीलाई तीव्रताका साथ अघि बढाएको कांग्रेस गण्डकी प्रदेश सहमहामन्त्री एवम् पोखरा महानगरपालिकाका उपप्रमुखका उम्मेदवार कोपिला रानाभाटले जानकारी दिनुभयो ।

कांग्रेससहितको गठबन्धन चुनावी अभियानमा लागेका कारण गठबन्धन दलसँग छलफल गरी हामी चुनावी कार्यक्रमलाई अघि बढाउन लागेका छौं", उहाँले भन्नुभयो, "यही १६ गतेसम्म उम्मेदवारी फिर्ता लिने समय रहेको र निर्वाचन परिचालन समितिले तय गरेअनुसार मतदाता भेटघाट एवम् घरदैलो कार्यक्रम अघि बढ्नेछन् ।" निर्वाचनलाई लक्षित गरी एमालेले आफ्नो तयारी सक्रिय बनाएको एमाले गण्डकी प्रदेश कमिटीका उपसचिव रश्मी आचार्यले जानकारी दिनुभयो । पार्टीले पालिकास्तरमा पार्टीका विभिन्न समितिहरूलाई परिचालन गर्ने उहाँले बताउनुभयो ।

चुनाव प्रचारप्रसारअन्तर्गत घरदैलो, मतदाता शिक्षासँगै एमालेको नेतृत्वमा यस अघि भए गरेका कामबारे मतदातालाई जानकारी गराउने उहाँले जानकारी दिनुभयो । चुनावलाई लक्षित गरी गठबन्धन दलका तर्फबाट घोषणापत्र तयारी गर्ने काम भइरहेको नेकपा (माओवादी केन्द्र) नेता एवम् घोषणापत्र निर्माण समितिका सदस्य विश्वप्रकाश लामिछानेले जानकारी दिनुभयो ।

## कृषिलाई पहिलो प्रथामिकता दिन तथा क्रमागत योजनामा उचित बजेट विनियोजन गर्न सांसदहरुको सुझाव

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ बैशाख**

कृषिलाई विकासको पूर्वाधारको पहिलो प्रथामिकतामा राख्नु पर्ने गण्डकी प्रदेशका सांसदहरुले सुझाव दिनु भएको छ । गण्डकी प्रदेशको अर्थ मन्त्रालयले बुधबार पोखरामा आयोजना गारेको बजेट सम्बन्धि छलफल कार्यक्रममा बोल्दै प्रदेश सांसदहरुले प्रदेशलाई आत्मनिर्भर बनाउन कृषिलाई विकासको पहिलो प्रथामिकता दिनुपर्ने बताउनु भएको हो ।

खाद्य बस्तु तथा कृषिमा आत्मनिर्भर बनाउदै आयातलाई प्रतिस्थापन गर्न नेपालको भूगोल अनुसारको कृषि उत्पादनमा जोड दिदै कृषिलाई आधुनिकीकरण तथा व्यवसायीक बनाउनु पर्ने सांसदहरुको जोड थियो । साथै सांसदहरुले क्रमागत तथा प्रदेशका रणनितीक एवं गौरवका योजनलाई उचित बजेटको व्यबस्था गर्न समेत माग गर्नु भएको थियो । प्रदेश सांसदहरुले राखेका सुझावलाई अर्थ मन्त्रालयले सकेसम्म सम्बोधन गर्ने बताउदै प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले आगामी आर्थिक बर्ष २०७९/०८० मा समेटिने योजनाहरु सम्बन्धित कार्यालयबाट ल्याउन आग्रह गर्नु भयो । उहाँले खुसुखुसु आएका टुक्रे योजनालाई आगामी बजेटमा सकभर प्रथामिकता नदिने समेत बताउनु भयो । प्रदेशको भएको सिमित पुंजिलाई विकास निर्माणमा अधिकतम प्रयोग गर्न सम्बन्धित मन्त्रालयहरुलाई सुझाव दिदै आएको मन्त्री बरालको भनाई थियो । तनहुँका सांसद हरि बहादुर चुमानले ठाँउ ठाँउमा चार्जीङ सेन्टरहरु स्थापना गरेर मात्र बिद्युतीय सवारी साधनहरु भित्राउनु पर्ने बताउनु भयो । स्वास्थ्यमा उचित ढंगले काम गर्न नसकिएको बताउदै पुर्व मन्त्री समेत रहनु भएको चुमानले प्रदेशले बिशिष्टिकृत अस्पतालहरु स्थापना गर्नुपर्नेमा जोडदिनु भयो ।

नवलपुरका सांसद रोशन बहादुर गाहा थापाले योजना छनौटमा हाल पनि पुरानै शैलिको भएको गुनासो गर्दै टुक्रे योजना छनौट गर्न नहुने जनाउनु भयो । हिमाल, पहाड र तराईलाई समेट्ने गरी बजेट विनियोजन गर्न माग गर्दै उहाँले प्रदेशका गौरवका योजनालाई प्रथामिकता दिनुपर्ने बताउनु भयो ।

मुस्ताङका सांसद चन्द्रमोहन गौचनले मुस्ताङमा स्याउ उत्पादन गर्ने गरी प्रदेश सरकारले ७५ प्रतिशत अनुदान कार्यक्रम ल्याए पनि हाल करिब ५० प्रतिशत बिरुवा मर्न थालेको बताउनु भयो । अघिल्लो सरकारले ल्याएको क्रमागत योजनाहरुमा अहिलेको सरकारले न्यून बजेट विनियोजन गरेको गुनासो गर्नु भयो । मुस्ताङका सांसद महेन्द्र बहादुर थकालीले मुस्ताङमा अब बाढी पहिरोको उच्च जोखिम बढ्ने हुदा विपद् व्यबस्थापनमा बढी बजेट विनियोजन गर्न सुझाव दिदै मुस्ताङमा कम बजेट विनियोजन भएको गुनासो गर्नु भयो ।

स्याङजाका सांसद मिन प्रसाद गुरुङले एक निर्वाचन क्षेत्र एक सडक, सदरमुकाम जोड्ने सडकमा जोड दिदै दिगो विकास हुने गरी बजेट केन्द्रित गर्न माग गर्नु भयो । ८५ वटै वडा देखि पालिकासम्म जोड्ने सडक आवश्यक भएको उहाँको भनाई थियो । तनहुँका सांसद राम बहादुर गुरुङले रिसर्च गरी सम्भावना भएको ठाँउको पहिचान गरी कृषि उत्पादनमा जोड दिनुपर्ने बताउनु भयो । विदेश जाने युवाहरुलाई स्वदेशमै रोक्नको लागि अन्तराष्ट्रिय स्तरकै गुणस्तरिय बस्तुको उत्पादन गर्न केन्द्रित गर्नुपर्ने उहाँको भनाई थियो । बागलुङकी सांसद पियारी थापाले प्रदेशले कृषिलाई पहिलो प्रथामिकता दियर उत्पादनमा जोड दिनुपर्ने सुझाव दिनु भयो । राइनासटार सिंचाई आयोजना निर्माण गरी केषि उत्पादनमा बृद्धि हुने उहाँको भनाई थियो । अनुउत्पादन क्षेत्र, मठ मन्दिर, गुम्बा लगायतको क्षेत्रमा हाल लगानी गर्न नहुने सांसद थापाको भनाई थियो । कास्कीका सांसद डा.पुष्पा केसी भण्डारीले सडक र बस्ती विस्तार गर्ने क्रममा पानीको मुहानहरु सुक्न थालेकोले त्यस तर्फ ध्यान केन्द्रित हुनुपर्ने बताउनु भयो । कास्कीका सांसद मित्रकुमारी गुरुङ सुवेदीले वजेट विनियोजनामा असमान ढंगले भएको गुनासो गर्दै अघिल्लो सरकारले ल्याएका क्रमागत योजनालाई निरन्तरता दिन माग गर्नु भयो । प्रदेश निती तथा योजना आयोगका उपाध्यक्ष डा.रघुराज काफ्लेले प्रदेश गौरवका रुपान्तरणका योजनाहरुलाई प्राथमिकता दिदै आगामी बर्षमा उत्पादनमा दोब्बरले बृद्धि गर्ने गरी जानुपर्ने बताउनु भयो । आगामी बर्ष उत्साह र समृद्धिको आधारको बर्षको रुपमा रहने उहाँले विश्वास व्यक्त गर्नु भयो । मन्त्रालयका सचिव बैकुण्ठ प्रसाद अर्यालले आर्थिक बर्ष २०७९/०८० को बजेट सम्बन्धि प्रस्तुती राख्दै प्रदेश सरकारले यस चालु आर्थिक बर्षमा ५ अर्ब राजश्व संकलनको लक्ष्य राखे पनि हाल ३ अर्ब ६० करोड राजश्व संकलन भएको बताउनु भयो । प्रदेश सरकारले राखेका लक्ष्यहरु पुरा गर्न कोरोनाले गर्दा केही असर परेको उहाँको भनाई थियो ।

गण्डकी प्रदेश समग्र विकासको लागि आगामी आर्थिक बर्ष केन्द्रित हुनुपर्ने विकासका क्षेत्रहरु, प्रदेश भित्र उत्पादन र रोजगारी अभिबृद्धि गर्न गर्नुपर्ने कार्यहरु, प्रदेशको आन्तरिक आय बृद्धि गर्न केन्जिद्रत हुनुपर्ने लगायतका बिषयमा छलफल भएको मन्त्रालयका उपसचिव वसन्तराज तिवारीले बताउनु भयो ।

## प्राविधिक टोलीद्वारा खेल पूर्वाधार निरीक्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ बैशाख**

सरकारले आगामी जेठ २२ देखि २८ गतेसम्म गण्डकी प्रदेशमा नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता गर्ने निर्णय गरेपछि सोको आवश्यक तयारी सुरु भएको छ ।

प्रतियोगिताको आवश्यक तयारीका लागि बुधबार राष्ट्रिय खेलकुद परिषद् (राखेप)को प्राविधिक टोलीले मुख्य प्रतियोगितास्थल पोखरा रङ्गशालाको निरीक्षण गरी खेल पूर्वाधार र हालसम्मको तयारीका बारेमा जानकारी लिएको छ ।

प्रतियोगिताका अधिकांश खेल पोखरामा सञ्चालन हुने भए पनि राखेपले प्रदेशका ११ वटै जिल्लामा कम्तीमा एक खेल सञ्चालनको तयारी गरेको छ । राखेपका विभागीय प्रमुख मधुसुदन बस्नेत नेतृत्वमा तालिम तथा प्रशिक्षण विभागका उपनिर्देशक हिमाल दाहाल, पूर्वाधार निर्माण तथा मर्मतका प्राविधिक पूर्णसिंह डङ्गोललगायतको टोलीले पोखरा रङ्गशालाभित्रका सबै खेल पूर्वाधार र स्वीमिङ खेल आयोजनाका लागि सम्भाव्य फिस्टेल एकेडेमीको पौडी पोखरीसमेत अवलोकन गरेको छ ।

खेल पूर्वाधारको स्तरोन्नति र कुन खेल कहाँ र कसरी गर्न सकिन्छ भन्ने विषयमा टोलीले जानकारी लिएको पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले बताउनुभयो । उहाँका अनुसार प्राविधिक टोलीको निरीक्षणपछि प्रतियोगिताका खेल आयोजनास्थल तय हुनेछ ।

उहाँले भन्नुभयो, 'प्राविधिक टोलीको निरीक्षणपछि खेलस्थल यकिन हुनेछ । अधिकांश खेल पूर्वाधार तयारी अवस्थामा रहे पनि केहीको स्तरोन्नति गरेर तोकिएको समयभित्रमा प्रतियोगिता सम्पन्न गर्नेछौँ ।' पोखरा रङ्गशालाभित्र अन्तर्राष्ट्रिय फुटबल स्टेडियम, भलिबल कोर्ट, क्रिकेट मैदान, टेनिस कोर्ट, ब्याडमिन्टन हल, आर्चरी मैदानलगायतका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एक लाख ५२ हजारको मनोनयन दर्ता

**रासस**
**काठमाडौं, १४ बैशाख**

स्थानीय तह सदस्य निर्वाचन-२०७९ को कार्यक्रमअन्तर्गत यही वैशाख ११ र १२ गते परेका उम्मेदवारी मनोनयन दर्तामा हालसम्म एक लाख ५२ हजार ४६५ जनाको विवरण सङ्कलन भएको छ । यही वैशाख ३० गते हुने निर्वाचनमा ३५ हजार २२१ पदका लागि मतदान हुँदैछ ।

निर्वाचन आयोगको प्रणालीमा बुधबार साँझसम्म प्रविष्ट भएको विवरणअनुसार दलगत र स्वतन्त्रसहित गरी प्रमुखमा तीन हजार ४९४, अध्यक्षमा तीन हजार ३८७, उपप्रमुखमा दुई हजार ५६, उपाध्यक्षमा दुई हजार एक, वडाध्यक्षमा ३५ हजार २५६ र सदस्यमा ५५ हजार ४७१ जनाको उम्मेदवारी परेको छ । आयोगको सूचना तथा प्रविधि शाखाका अनुसार छुटपुट भएका र विवरण सच्याइएका तथ्याङ्क प्रणालीमा प्रविष्ट हुने क्रम जारी रहेको छ ।

## जेठदेखि हप्तामा दुई दिन सार्वजनिक बिदा दिने

**रासस**
**काठमाडौं, १४ बैशाख**

सरकारले आगामी जेठ १ गतेदेखि हप्तामा दुई दिन सावर्जनिक बिदा दिने निर्णय गरेको छ ।

हाललाई परीक्षणका रूपमा लागू हुने गरी शनिबार र आइतबार हप्तामा दुई दिन सरकारले सार्वजनिक बिदा दिने निर्णय गरेको हो । यही वैशाख १३ गते बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको सञ्चार, सूचना तथा प्रविधिमन्त्री तथा सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले आज जानकारी दिनुभयो । उहाँले बिहान ९:३० देखि साँझ ५:३० बजेसम्म कार्यालय समय कायम गर्ने र हप्तामा दुई दिन बिदा दिने निर्णय भएको जानकारी दिनुभयो ।

## स्याङ्जामा एक हजार ५४७ जनाको उम्मेदवारी

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १४ बैशाख**

स्थानीय तहको निर्वाचनका लागि स्याङ्जामा एक हजार ५४७ को उम्मेदवारी परेको छ । पाँच नगरपालिका र छ गाउँपालिका गरी ११ पालिका रहेको स्याङ्जामा कूल ५०७ जनाका लागि एक हजार ५४७ को उम्मेदवारी परेको हो ।

मुख्य निर्वाचन अधिकृत वसन्तराज पौडेलका अनुसार पालिका प्रमुख/अध्यक्षमा ६७ जना, उपप्रमुख/उपाध्यक्षमा ५० जना, वडाध्यक्षमा ३५१ जना, खुला सदस्यमा ५८० जना, महिला सदस्यमा २६५ जना र दलित महिला सदस्यमा २६५ जना गरी कूल एक हजार ५४७ को उम्मेदवारी परेको हो । जिल्लामा सबैभन्दा धेरै पुतलीबजार नगरपालिकामा २६० जनाले उम्मेदवारी दिएका छन् भने सबैभन्दा थोरै फेदीखोला गाउँपालिकामा ७४ जनाको उम्मेदवारी परेको छ ।

त्यसैगरी वालिङ नगरपालिकामा २५२ जना, चापाकोट नगरपालिकामा १८७ जना, गल्याङ नगरपालिकामा १६८ जना, भीरकोट नगरपालिकामा १४७ जनाको उम्मेदवारी परेको छ भने गाउँपालिकातर्फ बिरुवा गाउँपालिकामा १२० जना, आँधीखोला गाउँपालिकामा ९४ जना, अर्जुनचौपारी गाउँपालिकामा ८४ जना, हरिनास गाउँपालिकामा ८३ जना, कालीगण्डकी गाउँपालिकामा ७८ जनाले उम्मेदवारी दिएका मुख्य निर्वाचन अधिकृत पौडेलले जानकारी दिनुभयो । पालिकाको प्रमुखमा सबैभन्दा धेरै पुतलीबजार र गल्याङ नगरपालिकामा नौ/नौ जनाको उम्मेदवारी परेको छ भने सबैभन्दा थोरै बिरुवा र हरिनास गाउँपालिकामा चार/चार जना रहेका छन् । त्यस्तै उपप्रमुखमा पुतलीबजार र गल्याङ नगरपालिकामा सात/सात जना छन् भने थोरै हरिनास र कालीगण्डकी गाउँपालिकामा दुई/दुई जना छन् । त्यस्तै वडाध्यक्षमा सबैभन्दा धेरै पुतलीबजार नगरपालिकामा ६० जना र थोरै कालीगण्डकी गाउँपालिकामा १५ जना छन् । खुला सदस्यमा सबैभन्दा धेरै पुतलीबजारमा १०३ जना र थोरै फेदीखोलामा २६ जना छन् । महिला सदस्य वालिङ नगरपालिका र पुतलीबजारमा ४५/४५ जना छन् भने फेदीखोलामा ११ जनाको उम्मेदवारी परेको छ । दलित महिला सदस्यमा सबैभन्दा धेरै वालिङ नगरपालिकामा ४३ जना छन् भने थोरै फेदीखोलामा ११ जना रहेका छन् ।पाँच नगरपालिका र छ गाउँपालिका गरी ११ पालिकामा ९७ वडा रहेका छन् । वालिङ र पुतलीबजार नगरपालिकामा १४/१४, गल्याङ नगरपालिकामा ११, चापाकोट नगरपालिकामा १०, भीरकोट नगरपालिकामा नौ वडा रहेका छन् । त्यसैगरी बिरुवा गाउँपालिकामा आठ, कालीगण्डकी गाउँपालिकामा सात, हरिनास गाउँपालिकामा सात, अर्जुनचौपारी गाउँपालिकामा छ, आँधीखोला गाउँपालिकामा छ, फेदीखोला गाउँपालिकामा पाँच वडा रहेका छन् ।

प्रदेश कृषि गणना कार्यालय
कास्की

प्रदेश कृषि गणना कार्यालय, कास्कीको अनुरोध

यही **२०७९ बैशाख ६ गतेदेखि जेठ १९** सम्म छनोटमा परेका कृषक परिवारहरुको घरदैलोमा आउने गणक तथा सुपरिवेक्षकहरुलाई खेतीपाती तथा पशुपन्छी सम्बन्धी सत्य तथ्य विवरण दिएर **सातौं राष्ट्रिय कृषि गणना २०७८** सफल पार्न प्रदेश कृषि गणना कार्यालय, कास्की सम्पूर्ण कृषक परिवार तथा सरोकारवालामा हार्दिक अनुरोध गर्दछ ।

कृषि गणनाको सार, कृषि योजनाको पूर्वाधार !

# गण्डकीमा प्रचार डेस्क शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ बैशाख**

नेकपा एमालेका सचिव पदमा अर्यालले स्थानिय तह निर्वाचनमा नेकपा एमालेलाई कुनै पनि तागतले हराउन नसक्ने दावी गर्नुभएको छ।

बुधबार नेकपा एमाले गण्डकी प्रदेश प्रचार डेस्कको शुरुवात गर्दै उहाँले गण्डकीमा एमाले पहिलो पार्टी बन्ने ठोकुवा लगाउनुभयो। गण्डकीमा एमालेकै जित सुनिश्चित भएकाले ढुक्क रहन कार्यकर्तालाई आग्रह गर्नुभयो। 'गठबन्धन देखेर आत्तिन पर्दैन, यस्ता गठबन्धनलाई एमालेले यसअघि पनि परास्त गरिसकेको छ'-उहाँले भन्नुभयो।



नेकपा एमाले गण्डकी अध्यक्ष नवराज शर्माको अध्यक्षतामा भएको कार्यक्रम नेकपा एमाले गण्डकी उप-सचिव एवं प्रचार विभाग प्रमुख रश्मी आचार्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। सो अवसरमा नेकपा एमाले गण्डकी प्रदेश कमिटिका सदस्य एवं प्रेस चौतारी गण्डकीका इन्चार्ज रामकृष्ण ज्ञवाली, प्रेस चौतारी गण्डकीका अध्यक्ष इन्द्र पौडेल, प्रचार-प्रसार तथा प्रकाशन विभागका सदस्य रामजी लम्साल लगायत सञ्चारकर्मीहरुको उपस्थिती रहेको थियो।

# नवौं राष्ट्रिय खेलकुद : गण्डकीका सबै जिल्लामा खेल हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ बैशाख**

सरकारले आगामी जेठ २२ देखि २८ गतेसम्म नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता गर्ने निर्णय गरेको छ। अघिल्लो वर्ष हुनुपर्ने प्रतियोगिता कोरोनाका कारण स्थगन भएपछि जेठ अन्तिम साता गण्डकी प्रदेशमा गर्ने निर्णय गरेपछि प्रतियोगिताको तयारी थालिएको छ।

गण्डकीमा हुने प्रतियोगितामा पुराना ३५ सहित रग्बी र ठेलो खेल थप गर्ने प्रस्ताव गरिएको छ। आयोजक प्रदेशले यहाँको मौलिक दोहोरी तथा लोक नृत्यलाई पनि प्रतियोगितामा थप गर्न प्रस्ताव गरेको छ। प्रतियोगिताका अधिकांश खेल पोखरामा सञ्चालन हुने भए पनि प्रदेशका ११ वटै जिल्लामा कम्तीमा एक खेल सञ्चालन गरिने पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिले जनाएको छ।

"सबै जिल्लामा कम्तीमा एउटा खेल सञ्चालन गर्ने गरी राष्ट्रिय खेलकुद परिषद् (राखेप)मा प्रस्ताव पठाएका छौं", समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले बताउनुभयो। खेलकुदको कुम्भमेला राष्ट्रिय खेलकुदको रौनकर अपनत्व सबै प्रदेशवासीलाई होस् भनेर सबै जिल्लामा न्यूनतम एक खेल आयोजनाको प्रस्ताव गरिएको उहाँको भनाइ छ।

योगीले भन्नुभयो, "खेल पूर्वाधारको अवस्था तथा सम्बन्धित जिल्लामा खेलप्रतिको आकर्षणलगायत पक्षलाई हेरेर प्रस्ताव पठाएका छौं। केन्द्रको प्राविधिक टोलीले प्रस्तावितस्थलको अनुगमन सुरु गरेको छ। केही दिनमै प्रस्तावितस्थलमा नै राखेपले खेल सञ्चालनको तालिका बनाउने छ।" प्रदेशका सबै जिल्लालाई समावेश गरेर खेल आयोजना गर्दा जिल्लामा खेलप्रतिको आकर्षण बढ्ने र खेलाडीको चापलाई व्यवस्थित गर्न सकिने छ। प्रतियोगिताको तयारी र पूर्वाधारका बारेमा जानकारी लिन युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराज, राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङलगायतको टोली बुधबार पोखरा आउने समितिले जनाएको छ।


महिला फुटबल स्याङ्जाको वालिङ, तेक्वान्दो (महिला-पुरुष) बागलुङ, कराते (महिला-पुरुष) लमजुङ, टेवलटेनिस (महिला-पुरुष) मुस्ताङ, कबड्डी, कुस्ती र खोखो (महिला-पुरुष) नवलपुर तथा जुडो र सेपाकताक्रो (महिला-पुरुष) गोरखामा खेलाउने योजना छ। बास्केटबल (महिला-पुरुष) तनहुँ, बुद्धिचाल (महिला-पुरुष) मनाङ, आइटिएफ तेक्वान्दो (महिला-पुरुष) म्याग्दी, फुलकन्ट्याक्ट कराते (महिला-पुरुष) स्याङ्जा र फेन्सिङ (महिला-पुरुष) पर्वतमा गर्न राखेपसमक्ष प्रस्ताव गरी पठाइएको समितिले जनाएको छ।

यस वर्षदेखि आयोजना गर्न प्रस्ताव गरिएको लोकदोहोरी तथा लोकनृत्य प्रतियोगिता पोखरामा गर्ने योजना छ। राष्ट्रिय खेलकुदका लागि आवश्यक खेल पूर्वाधार निर्माणका लागि चालु आवमा राखेपबाट रु १६ करोड बजेट विनियोजन गरिएको छ।

# नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ पोखराको अध्यक्षमा सिग्देल

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ बैशाख**

नेपाल राष्ट्र वैंक पूर्व कर्मचारी संघ शाखा समिति पोखराको साधारण सभा तथा पाँचौ अधिवेशनले माधवप्रसाद सिग्देललाई अध्यक्षमा चयन गरेको छ।



बुधवार भएको अधिवेशनवाट समितिको उपाध्यक्षमा मुक्तिनाथ चालिसे, सचिवमा मातृकाराज घिमिरे, कोषाध्यक्षमा खिमवहादुर थापा र सहसचिवमा देवेन्द्र लम्साल चयन भएका छन्। त्यसैगरी सदस्यहरुमा क्रमश धनपति वराल, विष्णुप्रसाद सापकोटा, भरतराज आचार्य र लबकुमार थापा रहेका छन्। अध्यक्ष सिग्देलले वर्तमान कर्मचारी र पूर्व कर्मचारी विच भावनात्मक सम्बन्ध सिर्जना गर्न समितिले भुमिका खेल्ने बताए। पूर्व कर्मचारीको हक अधिकारका वारेमा पनि समितिले छलफल गर्ने अध्यक्ष सिग्देलले प्रतिवद्धता जनाए। नेपाल राष्ट्र वैंक पूर्व कर्मचारी संघ शाखा समिति पोखराका जेष्ठ सदस्य मिनकुमार श्रेष्ठले हामी सवै कर्मचारी एक जुट भएर अगाडि बढ्नु पर्ने धारणा राखे। कार्यक्रममा सचिव र कोषाध्यक्षले प्रस्तुत गरेको प्रतिवेदन पारित भएको छ। नेपाल राष्ट्र वैंक पूर्व कर्मचारी संघ शाखा समिति पोखराका अध्यक्ष रामप्रसाद वस्ताकोटीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको कार्यक्रममा धनन्जय आचार्य, अमर अधिकारी, बसन्त प्रसाद अधिकारी, मान वहादुर नेपाली भुजेल लगायत वोलेको कार्यक्रममा वोलेको कार्यक्रममा सदस्य मातृकाराज घिमिरेले स्वागत, उपाध्यक्ष ठाकुर प्रसाद वरालले धन्यवाद र सह सचिव मुक्तिनाथ चालिसेले संचालन गरेका थिए।

# प्राविधिक...

खेल पूर्वाधार तयारी अवस्थामा छन्। नवौं राष्ट्रिय खेलकुदका लागि आवश्यक पौडी पोखरी र सुटिङको पूर्वाधार भने अझै तयार भएको छैन। राखेपको हालै सम्पन्न बोर्ड बैठकले पोखरामा हुने नवौं राष्ट्रिय खेलकूदमा ३८ वटा खेल आयोजना गर्ने निर्णय गरिसकेको छ। अघिल्लो वर्ष हुनुपर्ने प्रतियोगिता कोरोनाका कारण स्थगित भएपछि सरकारले आगामी जेठ अन्तिम साता गर्ने गरी प्रतियोगिताको मिति तोकेको थियो।

# नेकपाका सचिवालय सदस्यद्वय ओली र बाँस्तोला पदमुक्त

**रासस**
**काठमाडौं, १४ बैशाख**

नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले पार्टी विरोधी गतिविधि गरेको भन्दै सचिवालय सदस्य हेमन्तप्रकाश वली र धर्मेन्द्र बाँस्तोलालाई पदमुक्त गरेको छ। पार्टी महासचिव चन्दले बुधबारविज्ञप्ति जारी गर्दै सचिवालय सदस्यद्वय वली र बाँस्तोलालाई अनिश्चितकालका लागि पदमुक्त गरिएको जनाउनुभएको छ।

नेताद्वयको गतिविधिका कारण उहाँहरूलाई पदमुक्त गर्नुपर्ने अवस्था सिर्जना भएको महासचिव चन्दले जनाउनुभएको छ। नेकपाका कतिपय नेता, कार्यकर्ताले पार्टीको निर्देशनबमोजिम आसन्न स्थानीय तह निर्वाचनमा उम्मेदवारी दिएपछि सचिवालय सदस्य बाँस्तोलाले उम्मेदवारी तत्काल फिर्ता लिन चेतावनीसहितको वक्तव्य जारी गरेपछि पाटीभित्र तीव्र विवाद देखिएको थियो।

# वडा नम्बर १० को चुनाव प्रचार प्रसार समिति कार्यालयको उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ बैशाख**

नेकपा एमाले स्थायी कमिटि सदस्य तथा संगठन विभाग प्रमुख खगराज अधिकारीले गठबन्धन वैशाख ३० गते समाप्त हुने वताएका छन।



नेकपा एमाले पोखरा महानगरपालिका वडा नम्बर १० को चुनाव प्रचार प्रसार समिति कार्यालयको उद्घाटन गर्दै नेता अधिकारीले गठबन्धनको आयु वैशाख ३० गते सकिने वताएका हुन। केही राजनैतिक दलहरु गठबन्धन बनेर एमालेलाई हराउने भनेर गठबन्धन गरेको भएतापनि गठबन्धन आफैमा मिल्न नसकेको र वैशाख ३० मा जनताले एमालेलाई भोट दिएर जिताउने र गठबन्धनको अस्तित्व समाप्त भएर जाने उनको भनाइ रहेको थियो। नेकपा एमाले सरकारको पालामा जतिको बिकास कुनैपनि सरकारले गर्न नसकेको वताउदै वैशाख ३० गते हुने चुनावमा एमालेको बिकासलाई नै प्रचार गरेर अगाडि वढ्नुपर्ने उनले वताए। नेकपा एमालेको सरकारको पालोमा पोखरा विमानस्थल, सडक निर्माण र नागरिकलाई स्वास्थ्य बीमा जस्ता कार्यक्रमहरु ल्याएको भएतापनि गठबन्धनको सरकारले बिकासको कामतर्फ नभइ स्वास्थ्य बीमा कार्यक्रमलाईनै रोक्नतर्फ लागि परेकाले उनीहरुको भण्डाफोर गर्दै चुनावी प्रचार प्रसारमा लाग्न आवश्यक रहेको उनको भनाइ रहेको थियो। नेकपा एमाले पोखरा १० कमिटि तथा निर्वाचन परिचालन कमिटिका संयोजक सूर्य बानियाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कमिटिका उपाध्यक्ष तथा निर्वाचन परिचालन कमिटिका सह संयोजक सीता तिमिल्सिनाले स्वागत मन्तब्य राखेकी थिइनभने वडा अध्यक्षका उमेदवार पवित्रादेवी गुरुङले आफ्नो चुनावी एजेण्डा प्रस्तुत गरेकी थिइन। कार्यक्रमको सञ्चालन कमिटिका सचिव तथा प्रचार प्रसार संयोजक राजु श्रेष्ठले गरेका थिए। यसैविच भोली देखी वडाभित्र चुनावी प्रचार प्रसार सुरु गरिने समेत प्रचार प्रसार संयोजक राजु श्रेष्ठले जानकारी दिए।


## कर्मचारी आवश्यकता

पोखरा महानगर वडा नं. ४ गैह्रापाटन स्थित G Six Venture Pvt. Ltd. मा तपसिल बमोजिम कर्मचारी आवश्यकता परेको हुनाले इच्छुक योग्यता पुगेका व्यक्तिहरुले मिति २०७९/०१/१६ गतेभित्र तल उल्लेखित e-mail मा आफ्नो व्यक्तिगत विवरण सहित निवेदन पेश गर्नुहोला।

| पद | संख्या | न्यूनतम योग्यता |
|---|---|---|
| Pharmacist (License भएको) | केही | B Pharm/ D Pharm |
| व्यवस्थापक | १ | कुनै विषयमा स्नातक गरेको |

नोटः सेवा सुविधा आपसी समझदारीमा तय गरिने छ।
दुवै पदमा एक वर्ष कार्य अनुभव हुनुपर्ने छ।
सम्पर्कः
९८६०३९४४६८
g.sixventure77@ gmail.com
srj.krl@gmail.com/ kisan199@gmail.com.

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

यही शैक्षिक सत्रबाट अत्याधुनिक प्रविधि नेपालमै पहिलो पटक Smart Board र आधुनिक Smart Bus को प्रयोग गरी पढाइने यस Happy Borading School मा Nursery देखि कक्षा नौसम्म सिमित सिटमा भर्ना खुयो।

**हाम्रा बिशेषताहरू:**

- विद्यार्थीहरुलाई पनि Air Condition को व्यवस्था भएको।
- अत्याधुनिक सुविधायुक्त फर्निचर तथा कक्षा कोठाको व्यवस्था।
- आफ्नो घर जग्गामा अवस्थित भई प्रयाप्त खेल मैदान भएको।
- सुरक्षा तथा अनुशासनको लागि स्कुल परिसरमा २४ सै घण्टा CC Camera को व्यवस्था गरिएको।
- सूचना प्रवाहको लागि प्रत्येक कक्षामा Loud Speaker को व्यवस्था।
- Multimedia द्वारा अध्यापन गराइने।






**Happy Boarding School**
**शिव मार्ग, मासबार पोखरा- ७ Contact : 061-462156, 466214**

For more details: **www.happyboarding.edu.np**
NB: The admission form can be obtained from school office or can be sent through website.

## VACANCY ANNOUNCEMENT

**Happy Boarding School Shiva Marga, Masbar Pokhara -7 Tel. 061-462156, 466214**
**Happy Boarding School** invites applications from the dynamic,energetic and dedicated candidates to join our vibrant team of true academic professionals for the following positions :

| Position | Subject | No. | Qualifications |
|---|---|---|---|
| Secondary Level Teacher | Science | 1 | Bachelor in science with at least 2 year of teaching experience at secondary level, masters preferred. |
| Primary Level Teacher | Science | 1 | Bachelor in science with at least 2 year of teaching experience at primary level. |
| Primary Level Teacher | English / Social | 1 | Bachelor in English with at least 2 year of teaching experience at primary level. |
| Primary Level Teacher | Mathematics | 1 | Bachelor in Mathematics with at least 2 year of teaching experience at primary level. |
| Basic Level Teacher | Computer | 1 | Bachelor in science with at least 2 year of teaching experience at primary level. |
| Secondary Level Teacher | H. P. E | 1 | Bachelor in English with at least 2 year of teaching experience at secondary level. |
| Dance | Dance/ Art/Games | 1 | Prefacing in related field. |
| Bus Helper | | 1 | Interested |

- Interested candidates are requested to submit their resume,the applicationalong with experience certificate to the school reception by 19th Baisakh, 2079.
- Admission open from Nursery to Grade 9.
- A School with planty of facilities, such as smart buses well furnished class rooms using Smart Boards which are quite unique attempts first time in Nepal .

**Hurry up ! Seats are limited. Confirm the seats before heard.**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

## सम्पादकीय

# हचुवाको भरमा दुईदिन विदा

काङ्ग्रेस नेतृत्वको गठबन्धन सरकारले हप्ताको दुईदिन बिदा दिने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले हप्ताको दुई दिन विदा दिने निर्णय गरेको सरकारका प्रबक्ता संचार मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी गराएका छन । बिदाको प्रस्ताव उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको थियो । एक महिना अघि चर्चा भएको विषयमा गहन छलफल नगरी बिदा दिने प्रस्ताव स्वीकृत गरेर सरकारले असफल भएको अभ्यासलाई फेरि ल्याउन खोजेको छ । जेठदेखि हप्तामा दुई दिन शनिबार र आइतबार सार्वजनिक विदाको निर्णय कार्यान्वयनमा आउनेछ ।

दुई दिन सार्वजनिक विदा दिएसँगै सरकारले कार्यालय समय पनि हेरफेर गरेको छ । विहान ९ः३० बजेदेखि साँझ ५ः३० बजेसम्म कार्यालय समय तोकिएको छ । इन्धनको खपत घटाउन आयल निगमले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई दुई दिन सार्वजनिक विदाको प्रस्ताव गरेको थियो । त्यस्तै नेपाल राष्ट्र बैंकले सरकारी खर्च घटाउन र सरकारी कार्यालयको सेवा प्रवाहमा सुधार ल्याउन सरकारलाई यो प्रस्ताव गरेको थियो । सरकारले सुरुवाती चरणमा परीक्षणका रुपमा जेठबाट विदाको निर्णय कार्यान्वयनमा ल्याउने भएको छ ।

तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको नेतृत्वको सरकारले २०५६ साउन १ गतेबाट लागू हुने गरी नेपालमा दुई दिन सार्वजनिक बिदा दिने अभ्यास सुरु गरेको थियो । 'त्यस बेला पनि अहिलेजस्तै पेट्रोलियम पदार्थको मूल्य बढ्यो । बिद्युत् पनि बचाउनुपर्ने अवस्था आएको हुनाले तत्कालीन सामान्य प्रशासन मन्त्रालयको प्रस्तावमा उक्त निर्णय गरिएको थियो । 'शनिवार र आइतबार गरेर दुई दिन बिदा दिने निर्णय भयो । कर्मचारीहरू शुक्रवार पनि आधा दिनमै घर जान थाले । अनि सोमबार पनि मध्यान्ह १२/१ बजेसम्म कार्यालय हाजिर हुन थाले । यसबाट नागरिकले पाउने सेवा प्रभावित भयो । त्यसरी हेर्दा हप्तामा तीन दिन बिदा भएजस्तै भयो । कतिपय कर्मचारी शनिवार र आइतबार बिदा भए पनि मन्त्री निवास तथा क्वार्टरमा नै फाइल बोकेर आउन थाले । त्यसै कारण पछि हटाइएको तत्कालीन मुख्य सचिवको भनाई छ । ' शनिवार र आइतबार बिदा दिए पनि केही फरक पर्दैन तर, शुक्रवार र सोमबार प्रभाव पर्न दिनुभएन । शुक्रवार पनि पुरै दिन कार्यालय खुलाउनुपऱ्यो र सोमबार पनि बिहानैदेखि कार्यालय हाजिर हुने व्यवस्था गर्नुपऱ्यो ।' जतिसुकै राम्रो काम गर्न खोजेपनि कर्मचारीको बानी नै सरकारको काम कहिले जाला घाम भन्ने छ ।

अन्तर्राष्ट्रिय श्रम संगठनको मान्यता अनुसार पनि हप्तामा ४० घण्टा बिदा दिनुपर्छ हुनु पर्छ ।' अहिले ६ दिन कार्यालय सञ्चालन हुँदा पनि कर्मचारीले काम काम पुरै समय गरेको छन् कि छैनन् भन्ने कुरा अध्ययनको विषय भएको छ । सरकारले निगरानी प्रणालीलाई व्यवस्थित बनाउन सकेको छैन । अहिलेकै प्रचलनमा रहेको प्रणालीलाई सुधार गर्न मुस्किल भइरहेको अवस्थामा दुईदिने बिदा जनताले सास्ती र कर्मचारीलाई मस्ती बाहेक केही हुँदैन ।

# पाँच वटा वडामा दलित सदस्यमा उम्मेदवारी खाली

**पोखरापत्र संवाददाता**
**गोरखा, १४ बैशाख**

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकाको पाँचवटा वडामा दलित समुदायबाट उम्मेदवारी नपरेको पाइएको छ । गाउँपालिकाको वडा नं १, ४, ५, ६ र ७ मा दलित समुदायका लागि व्यवस्था गरिएको आरक्षण कोटामा उम्मदेवारी नपरेको सहायक निर्वाचन अधिकृत भीमसेन श्रेष्ठले जानकारी दिनुभयो ।

वडा समितिमा एक जना दलित सदस्यको अनिवार्य व्यवस्था भएको भए पनि ती वडामा सो पदमा उम्मेदवारी नपरेको उहाँले बताउनुभयो । गाउँपालिकाको ७ वटा वडामध्ये २ वडामा मात्र दलित समुदायको उम्मेदवारी परेको निर्वाचन अधिकृत श्रेष्ठले बताउनुभयो । पालिकाको वडा नं २ र ३ मा मात्र दलित महिलाको उम्मेदवारी परेको निर्वाचन अधिकृत श्रेष्ठको भनाइ छ । वडा नं २ मा ल्हाक्पा डिकी कामीको उम्मेदवारी परेको छ भने वडा नं ३ मा नेकपा माओवादी केन्द्रबाट फुतानी कमिनी, नेपाली कांग्रेसबाट निरमाया विक र जनता समाजवादी पार्टीबाट निमा कामीको उम्मेदवारी परेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

यसैबिच चुमनुब्री गाउँपालिकामा वडाध्यक्षसहित ८ जनाको एकल उम्मेद्वारी परेपछि निर्विरोध निर्वाचित भएका छन् । वडा नं ६ मा नेकपा माओवादी केन्द्रका वडाध्यक्षका उम्मेद्वार सरोज लामा, सदस्य ठिमे ग्याम्जो लामा, सोनाम लामा, डोल्मा लामाको एकल उम्मेदवारी परेपछि निर्विरोध निर्वाचित भएका हुन् ।

गाउँपालिकाको- १ मा कांग्रेसबाट कर्म सन्डुप लामा, माओवादीबाट डेजेन डोल्मा, एमालेबाट पासाङ लामाको एकमात्र उम्मेदवारी परेको छ । वडा नं ५ बिहीका सोनाम साङ्गोको पनि महिला सदस्यमा एकमात्र उम्मेदवारी परेको हो । वडा नं २ मा माओवादीको तर्फबाट ल्हाक्पा डिकी कामी सदस्यमा निर्विरोध हुनुभएको निर्वाचन अधिकृत श्रेष्ठले जानकारी दिनुभयो ।

# अन्नपूर्णका उम्मेदवार मत मार्गदै घरघरमा

**रासस**
**म्याग्दी, १४ बैशाख**

आसन्न वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको उम्मेदवार बन्नुभएका उम्मेदवार मतदाताको घरदैलोमा पुग्नुभएको छ ।

उम्मेदवारी दर्ता गरेसँगै मत माग्न र जनताको आवश्यकता बुझ्न अन्नपूर्णका कांग्रेसका उम्मेदवार घरदैलो अभियान र प्रचारप्रसारमा लागेको नेपाली कांग्रेस म्याग्दीका सचिव भरतबहादुर रोकालले जानकारी दिनुभयो । "हामी जनताको घरदैलोमा पुगेर पहिलो चरणमा टोल टोलमा कोणसभा गर्ने र घरदैलोमा नै गएर जनताको आवश्यकता बुझ्न थालेका छौँ", अध्यक्ष पदका उम्मेदवार बन्नुभएका क्या बलबहादुर तिलिजाले भन्नुभयो । पालिकाको वडा नं ७ हिस्तानको औलमा कोण सभामा बोल्दै अध्यक्षका प्रत्यासी तिलिजाले यसपाली पालिका र वडामा कांग्रेसलाई मत दिएर जिताउन अनुरोध गर्दै जनताको सेवा गर्नका लागि आफू पालिका अध्यक्षको उम्मेदवार बनेको बताउनुभयो ।

कांग्रेसले चुनावी अभियानलाई तीव्रता दिएको छ । यस पटक अन्नपूर्ण पालिकामा कांग्रेसले क्या. तिलिजालाई अध्यक्ष र ललिता तिलिजा पुनलाई उपाध्यक्षको उम्मेदवार बनाएको छ ।

# म्याग्दीमा तीन पालिका प्रमुखमा महिलाको उम्मेदवारी

**रासस**
**म्याग्दी, १४ बैशाख**

म्याग्दी जिल्लामा आसन्न स्थानीय तह निर्वाचनमा तीन महिलाले पालिका प्रमुखको पदमा उम्मेदवारी दिएका छन् ।

नेकपा (एमाले)का तर्फबाट धवलागिरि गाउँपालिकाको अध्यक्षमा थमसरा पुन, नेकपा (माओवादी केन्द्र)को तर्फबाट रघुगंगा गाउँपालिकामा मीना विक र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट बेनी नगरपालिकाको प्रमुखमा मीना कुमारी शर्मा सापकोटाले उम्मेदवारी दिनुभएको जिल्ला निर्वाचन अधिकारी भीमप्रसाद घिमिरेले जानकारी दिनुभयो । धवलागिरि गाउँपालिकाको अध्यक्षबाट राजीनामा दिई एमालेको तर्फबाट पुनः अध्यक्ष पदकै उम्मेदवार बन्नुभएकी पुन २०७४ सालको स्थानीय तहको निर्वाचनमा पालिका प्रमुखमा निर्वाचित हुने एक्ली महिला हुनुहन्थ्यो । माओवादी केन्द्र र राप्रपाले भने नयाँ अनुहारलाई पालिका प्रमुखको उम्मेदवार बनाएको हो ।

अघिल्लो निर्वाचनमा एमालेसँग तालमेल गरी बेनी नगरपालिकाको उपमेयर जितेको राप्रपाले यस पटक आफ्नै पार्टीको चुनाव चिन्ह हलोबाट मेयर र उपमेयर दुइटै पदमा आफ्ना उम्मेदवारलाई उतारेको छ । उपमेयरमा भने पूर्व जिल्ला अध्यक्ष एवं क्षेत्रीय सदस्य एकेन्द्रबहादुर रावललाई उम्मेदवार बनाएको छ ।

त्यस्तै, माओवादी केन्द्रले वडाध्यक्षबाट राजीनामा दिएका रिम कटुवाललाई रघुगंगा गाउँपालिकाको उपाध्यक्षको उम्मेदवार बनाएको छ ।

# शितलादेवी बहुउद्देश्यीय सहकारी संस्थाको क्यालेण्डर विमोचन

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ बैशाख**



शितलादेवी बहुउद्देश्यीय सहकारी संस्थाले प्रकाशन गरेको क्यालेण्डर विमोचन गरिएको छ ।

शितलादेवी माध्यामिक विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष तथा वरिष्ठ समाजसेवी टीका बहादुर कार्कीले क्यालेण्डरको विमोचन गरेका थिए । क्यालेण्डर विमोचन गर्दै कार्कीले सहकारी सञ्चालन गर्नु आफैमा चुनौति रहेको वताउदै सम्पूर्ण सञ्चालक सदस्यहरु एकजुट भएर सहकारिलाई अगाडि वढाउन आवश्यक रहेको वताए ।

पोखरामा रहेका केही सहकारीहरु सफल हुन नसकेको वताउदै सहकारीलाई सफलतामा पुऱ्याउनकालागीसञ्चालकहरुको मुख्य भुमिका रहने समेत वताए । सहकारीका अध्यक्ष तीथैलाल श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका उपाध्यक्ष गोकर्ण कार्कीले स्वागत मन्तब्य राखेका थिएभने कोन सहकारी संस्था लिमिटेडका सचिव शान्ता कुमार श्रेष्ठले वोलेका थिए । कार्यक्रमको सञ्चालन सचिव राजु श्रेष्ठले गरेका थिए । कार्यक्रममा संस्थाका लेखा समिति सदस्य कन्चन कार्कीले सहकारिको सिद्धान्त वाचन गरेकि थिईन भने कार्यक्रममा सहकारिका सेयर सदस्यहरुको उपस्थिति रहेको थियो ।

# विश्व महिला बक्सिङमा नेपालका चार खेलाडी

**रासस**
**काठमाडौं, १४ बैशाख**

नेपाल बक्सिङ सङ्घले विश्व महिला बक्सिङ च्याम्पियनशिपमा सहभागी हुने चार खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएको छ ।

सङ्घले अन्तर्राष्ट्रिय बक्सिङ सङ्घ (आइवा) विश्व महिला बक्सिङ च्याम्पियनशिप-२०२२ मा सहभागी हुने नेपालको उत्कृष्ट महिला चार बक्सरलाई बन्द प्रशिक्षणमा बोलाइएको बक्सिङ सङ्घका प्रवक्ता श्यामकाजी अवालेले बताउनुभयो । आगामी मे ६ देखि २१ तारिखसम्म टर्कीको इस्तानबुल सहरमा हुने १२ औं विश्व महिला बक्सिङ च्याम्पियनशिपमा नेपालबाट सुस्मन तामाङ, मिनु गुरुङ, चन्द्रकला थापा र पुनम रावलले प्रतिस्पर्धा गर्नेछिन् ।

सुस्मनले ४८ केजी तौल समूहमा, मिनुले ५२ केजी, चन्द्रकलाले ५७ केजी र पुनमले ६० केजी तौल समूहमा प्रतिस्पर्धा गर्नेछन् । सहभागी उक्त चारजना खेलाडीहरू गत महिना थाइल्यान्डमा भएको खुला अन्तर्राष्ट्रिय बक्सिङ च्याम्पियनशिप खेलेर आएका खेलाडी हुन् ।

खेलाडीलाई बक्सिङका मुख्य प्रशिक्षक प्रकाश थापामगर र आइबा थ्री स्टार प्रशिक्षक दीपक महर्जनले सातदोबाटोस्थित बक्सिङ प्रशिक्षण हलमा बिहान र साँझ प्रशिक्षण दिइरहनुभएको छ ।

आसन्न १९औं एसियन प्रतियोगिता (एसियाड) को तयारीका लागि पनि यस प्रतियोगिता महत्वपूर्ण हुने सङ्घले जनाएको छ ।

# रातिमा रेष्टुराँ नखोल्न र मदिरा नबेच्न आग्रह

**रासस**
**बागलुङ, १४ बैशाख**

चुनावका बेला अवाञ्छित क्रियाकलाप नहोस् भनेर यहाँका राजनीतिक दलले राति अबेरसम्म रेष्टुराँ नखोल्न र मदिरा नबेच्न व्यवसायीसामु आग्रह गरेका छन् ।

गलकोट नगरपालिका-७ मल्मको वाम-लोकतान्त्रिक गठबन्धन दलको संयन्त्रले बैठकबाटै निर्णय गरी सार्वजनिक रूपमा सोको अपिल गरेको हो ।

"राति ९ बजेपछि वडाभित्र सञ्चालित रेष्टुराँको सेवा बन्द गर्न र मदिराजन्य वस्तु नबेच्न आग्रह गरेका छौँ", संयन्त्रका सदस्य एवं नेकपा (माओवादी केन्द्र) वडा समितिका अध्यक्ष ललित मरासिनीले भन्नुभयो । मत प्रभावित पार्ने गरी गलत चलखेल हुन नदिन र घरगाउँमा शान्ति कायम राख्न राजनीतिक दलहरू आफैले पनि भूमिका खेल्नुपर्ने उहाँको भनाइ छ । अध्यक्ष मरासिनीले आफ्नो पार्टीका चुनावलक्षित भेटघाट र घरदैलो अभियानलाई पनि बिहानदेखि साँझसम्म मात्र चलाउन जोड दिइएको बताउनुभयो । राति ढिलोसम्म होटल, रेष्टुराँमा बसेर बैठक/छलफल चलाउँदा खर्चिलो पनि हुने र अर्कातिर कसैले मदिरा सेवन गरिहालेमा अप्रिय घटना हुनसक्नेतर्फ सबै पक्ष सचेत हुनुपर्ने उहाँले उल्लेख गर्नुभयो । मल्ममा तीन दलको वाम-लोकतान्त्रिक गठबन्धनबाट साझा उम्मेदवार चुनावी मैदानमा छन् । गठबन्धन दलको संयन्त्र गठन गरेर चुनाव परिचालनलाई गति दिइएको छ । सम्बन्धित दल र उम्मेदवारहरूले मतदाता भेटघाट तथा घरदैलो अभियान थालेका छन् । संयन्त्रमा माओवादी केन्द्रबाट ललित मरासिनी, नेपाली कांग्रेसबाट बसन्त क्षत्री, प्रदीप केसी र राष्ट्रिय जनमोर्चाबाट दलबहादुर थापा र मीनबहादुर दर्जी रहनुभएको छ । संयन्त्रको बैठकले घोषणापत्र लेखन समिति, तीनै दलबाट चार/चार जना रहने गरी १२ सदस्यीय निर्वाचन प्रचारप्रसार समिति र स्यंवसेवक समिति पनि गठन गरेको छ । गठबन्धनका साझा उम्मेदवारका रूपमा माओवादी केन्द्रका राज थापा वडाध्यक्ष पदका लागि चुनावी मैदानमा हुनुहुन्छ । यस्तै वडा सदस्यमा (माओवादी) केन्द्रबाट छविलाल दर्जी, यानु विक, नेपाली कांग्रेसबाट ज्ञानबहादुर कार्की र राष्ट्रिय जनमोर्चाबाट यशोदा थापा उम्मेदवार रहनुभएको छ । वडामा क्रियाशील अर्को दल नेकपा (एमाले)ले भने नेता होमबहादुर बस्नेतलाई अध्यक्षको उम्मेदवारका रूपमा अघि सारेको छ । विसं २०७४ को स्थानीय तह चुनावमा उक्त वडामा (माओवादी) केन्द्रले एक्लै जितेको थियो ।

# म्याग्दीमा प्रमुख पदमा तीन महिलाको उम्मेदवारी

**पोखरापत्र संवाददाता**
**गलेश्वर, १४ बैशाख**

म्याग्दीमा स्थानीय तहको निर्वाचन २०७९ मा जिल्लाका तीन जना महिलाले विभिन्न राजनीतिक दलबाट पालिका प्रमुख (अध्यक्ष) को पदमा उम्मेदवारी दिएका छन् ।

नेकपा (एमाले)को तर्फबाट धवलागिरि गाउँपालिकाको अध्यक्षमा थमसरा पुन, नेकपा (माओवादी) केन्द्रको तर्फबाट रघुगङ्गा गाउँपालिकामा मीना विक र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट बेनी नगरपालिकाको प्रमुखमा मीनाकुमारी शर्मा सापकोटाले उम्मेदवारी दिनुभएको जिल्ला निर्वाचन अधिकारी भीमप्रसाद घिमिरेले जानकारी दिनुभयो ।

धवलागिरि गाउँपालिकाको अध्यक्षबाट राजीनामा दिई पुनः नेकपा एमालेको तर्फबाट अध्यक्षकै उम्मेदवार बन्नुभएकी पुन २०७४ सालको स्थानीय तहको निर्वाचनबाट एक्ली महिला पालिका प्रमुखमा निर्वाचित हुनुभएको थियो । पुन पुनः पालिका प्रमुखको उम्मेदवारमा दोहोरिनु भएपनि नेकपा माओवादी केन्द्र र राप्रपाले भने नयाँ अनुहारलाई पालिका प्रमुखको उम्मेदवार बनाएको हो ।

विसं २०७४ को निर्वाचनमा नेकपा एमालेसँग तालमेल गरी बेनी नगरपाकिलाको उपप्रमुख जितेको राप्रपाले यस पटक आफ्नै पार्टीको चुनाव चिन्ह हलोबाट निर्वाचनमा सहभागी हुन प्रमुख र उपप्रमुख नै मैदानमा उतारेको छ । राप्रपाले प्रमुखमा महिलालाई अगाडि सारे पनि उपप्रमुखमा भने पूर्व जिल्ला अध्यक्ष एवं क्षेत्रीय सदस्य एकेन्द्रबहादुर रावललाई उम्मेदवार बनाएको छ ।

त्यस्तै माओवादी केन्द्रले समेत वडाअध्यक्षबाट राजिनामा दिएका रिम कटुवाललाई रघुगङ्गा गाउँपालिकाको उपाध्यक्षको उम्मेदवार बनाएर महिलालाई अध्यक्षको उम्मेदवार बनाएको हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : मन चञ्चल | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


## सार्वजनिक सूचना

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. -२९ बस्ने विना खाणको नाममा रहेको कित्ता नं. ७३३० को क्षेत्रफल ०-४-२-१ मा घर निर्माण गर्न लागेकोमा कुनै पनि सँधियार फेला नपरेकाले उक्त घर निर्माण गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशन भएको मितिले सात दिनभित्रमा वडा कार्यालयमा लिखित निवेदन दिनुहुन सबैलाई जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्पर्कः**
**पोखरा महानगरपालिका वडा नं. २९ कार्यालय**

# गोर्खा कम्युनिटिद्धारा बहादुरी प्रर्दशन गरेका श्रेष्ठ पोखरामा सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ बैशाख**

गोर्खा कम्युनिटि पोखराद्धारा बहादुरी प्रर्दशन गरेका बिष्णु श्रेष्ठलाई सम्मान गरेको छ । २०६७ सालमा मध्यरात राँची-गोरखपुर रेलयात्राका क्रममा ४० जनाको डाँका समूहसँग खुकुरीको भरमा एक्लै लडेर एक महिलाको कुमारीत्व बचाउन सफल श्रेष्ठलाई गोर्खा कम्यूनिटिले आफ्नो १३ औं बार्षिकोत्सवको अवसरमा सम्मान गरेको हो ।

समारोहका प्रमुख अतिथी गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले भारतीय सेनाबाट निर्वित भएका श्रेष्ठलाई सम्मान पत्रको साथमा दोसल्ला ओढाएर सम्मान गरेका हुन्। लडाकुको लडाइको क्रममा उनले तीन डाँकालाई पारेका थिए भने उनको त्या् सहास र विरतालाई भारत तथा नेपालमा विभिन्न संघ संस्थाहरुले विगत एक दशक भन्दा लामो समय देखि सान तथा सम्मान गर्दै आएका छन्। पर्वत जन्म थलो भए पनि कर्मथलोको रुपमा पोखरा बनाएका श्रेष्ठ २०६७ भदौ १७ गते मध्यरात राँची-गोरखपुर रेलयात्राका क्रममा डाँका समूहसँग एक्लै भिडेर इतिहास रचेका थिए। बाबुआमाकै सामुन्ने डाँका समूहबाट बलात्कृत हुन लागेकी युवतीको इज्जत पनि जोगाइदिएका श्रेष्ठलाई भारत सरकारले विष्णु श्रेष्ठलाई सौर्यचक्र, ब्रेभरी अवार्ड र सर्वोत्तम जीवनरक्षा मेडलबाट सम्मान गरेको थियो ।

त्यसै गरी गोर्खा कम्यूनिटिले खेलकुद तथा सामाजिक क्षेत्रमा पुराएको योगदानको उच्च मुल्याङ्कन गर्दै कम्यूनिटि पोखराका पूर्व अध्यक्ष मेजर लक्ष्मि प्रसाद गुरुङ, कर्णेल कृष्ण खत्री मेजर शेर बहादुर गुरुङ, लोक बहादुर गुरुङ, गोर्खाली रेडियोका स्टेसन म्यानेजर खिमा गुरुङ, जनजाति महिला महासंघका अध्यक्ष दील माया गुरुङ लगायतलाई सम्मान गरेको छ । उक्त अवसरमा नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराललाई खादा लगायर कार्यकालको सफलताको कामना सहित बधाई ज्ञापन गरिएको थियो ।

गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङ कार्यक्रममा वोल्दै सिंगापुरे लाहुरेका श्रीमतीहरुले पेन्सन प्राप्त गर्न संगठित भई आवाज उठाउनु पर्ने बताए । इन्दीरा गान्धिले पेन्सन सहित कुटिर उद्योग संचालनको सुरुवता भएको स्मरण गरी न्याय सहितको सामाजिक न्याय हुनु पर्ने उनको भनाई थियो ।

गोर्खा बराह ज्येलरीका प्रबन्ध निर्देशक हरी कुमार धमलाले गोर्खा कम्युनिटिले हाल विभिन्न संघ संस्थामा गरी हाल ७५ जनालाई रोजगार दिएको बताए। गण्डकी प्रदेशको राजधानि पोखरामा धेरै कुराको सम्भावना भएकोले सानो पुंजिलाई उचित ढंगले प्रयोग गर्न सकिने उनले जनाए । पोखरा कम्युनिटिका अध्यक्ष चोक बहादुर गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा गोर्खा बहुउद्धेश्सीय सहकारीका अध्यक्ष भुपाल जंग कुंवर, क्या. राम प्रसाद गुरुङ, प्रथम उपाध्यक्ष दुतमान गुरुङ, जनजाति महिला महासंघका अध्यक्ष दील माया गुरुङ लगायतले वोलेका थिए ।



वडा नं १६ का राजेश घरदैलोमाः पोखरा महानगरपालिका वडा नं १६ मा एमालेवाट वडा अध्यक्षमा उठेका राजेश गुरुङ आफ्ना चार सदस्य लिएर बुधवारदेखि अझ व्यापक रुपमा घरदैलो सुरु गरे । गुरुङको साथमा क्रमश महिला सदस्यमा राजकुमारी बानियाँ, खुल्ला सदस्यद्धयमा रामचन्द्र आचार्य, रामकाजी गुरुङ र दलित महिला सदस्यमा मञ्जु नेपाली लगायत सयौ कार्यकर्ता लिएर घरदैलोमा हिडेका छन् । फोटो-पोखरापत्र

# दुई गाग्री पानी लिन एक बिहान खर्चिनुपर्ने बाध्यता

**–सानेबहादुर नेपाली**
**तनहुँ, १४ बैशाख (रासस)**

टोलटोलमा पानीको धारा राखिएको छ । बिहान सबेरै उठेर लाइनमा बस्न सकिएन भने रित्तै गाग्री फकाउर्नु पर्छ, पालो पाएमा बल्लतल्ल दुई/तीन गाग्री पानी भर्न पाइन्छ, व्यासनगरपालिका-५ पतेनीका बासिन्दाले यस्तै सास्ती खेप्दै आएका छन् ।

यहाँ जडान गरिएका धारामा प्रशस्त र लामो समयसम्म पानी नआउँदा पतेनीका बासिन्दाले खानेपानीको चर्को समस्या भोग्दै आएका हुन् । धारामा पानी आएन भने कुवा तथा खोलामा पानी लिन जानुपर्ने बाध्यता रहेको दरै टोल संस्थाका सदस्य विष्णुबहादुर दरैले बताउनुभयो । विसं ०६१ मा म्याग्दे गाउँपालिका-१ गुणादी बरचौर खोल्सीबाट सेडा नेपाल नामक गैरसरकारी संस्थाको सहयोगमा खानेपानी वितरण गरे पनि बढ्दो बस्ती विस्तारका कारण पानीको स्रोतले धान्न नसक्दा स्थानीयवासीलाई खानेपानीको व्यवस्थापन गर्न सकस भएको छ ।

धारामा दैनिक पानी नआउने र आएपनि प्रशस्त नआउँदा त्यस क्षेत्रका स्थानीयवासी एक गाग्री पानीका लागि घन्टौँ खर्चन बाध्य छन् । घरनजिकै धारा नभएकाले उनीहरूले पानीका लागि कुवा धाउनुपर्छ । त्यो पनि तीन घन्टाभन्दा बढी समय लगाएर । धारामा पानी आएन भने कुवा तथा खोलामा पानी लिन जानुपर्ने बाध्यता रहेको दरैको भनाइ छ ।

उक्त वडाका बिर्ता पतेनी, साँघे, पतेनी र काउरा टोलका करिब ४०० घरधुरीका बासिन्दा खानेपानीको चर्को समस्या भोग्दै आएका छन् । अघिल्लो निर्वाचनको समयमा जनप्रतिनिधिहरूले खानेपानीको समस्या समाधान गर्ने आश्वासन दिए पनि जितेर गएपछि बेवास्ता गर्ने गरिएको उहाँले बताउनुभयो ।

चुनावको समयमा झुटो आश्वासन बाँडे तर खानेपानीको समस्या ज्यूँका त्यूँ छ भोट दिएर गल्ती गरिएको महसुस गर्न थालिएको छ । यस वर्ष जसले हाम्रो समस्या सुनिदिन्छ, उसैलाई भोट दिने सोच बनाएको स्थानीयवासी बताउँछन् । खानेपानी पानी त पुग्दैन कहाँको नुहाउन धुवाउन पुगोस् उहाँले भन्नुभयो, "जीवन धान्न बडो मुस्किल भएको छ ।"

दरैले भन्नुभयो, "गाउँमा पानी नभएकाले स्थानीयवासीले तीन घन्टा खर्चिएर पँधेराबाट एक गाग्री पानी ल्याउनुपर्ने बाध्यता छ ।" उहाँका अनुसार बिहान उठ्नेबित्तिकै पानी लिन स्थानीयवासी बैंसी झर्छन् । खोलानजिक रहेको सानो मूल भएको एउटा कुवा छ । त्यहीँबाट गाउँका स्थानीयवासीले पानी ल्याउँछन् । "पानी भर्ने पालो पाउन पनि गाह्रो हुन्छ । एकैपटक गाउँका सबै मानिस पानी लिन जाँदा त निकै भिडभाड पो देखिन्छ", उहाँले भन्नुभयो, "पानी भर्नै एक बिहान सक्नुपर्ने बाध्यता छ । खाना पकाएर आफ्ना छोराछोरीलाई विद्यालय पठाउन निकै सकस झेल्नु परेको छ ।"

त्यस्तै समस्या सोही वडास्थित पतेनी टोलका बासिन्दाको अवस्था पनि ज्यूँका त्यूँ रहेको छ । खानेपानी भर्नका लागि बिहान एकजना जनशक्ति नै खटिनुपर्ने अवस्था रहेको पतेनी टोलका स्थानीयवासी नवराज पौडेलले बताउनुभयो । साँघे र मादी नदीको बीचमा रहेर पनि खानेपानीबाट वञ्चित हुनु लजास्पद कुरा भएको स्थानीयवासी एवम् शिक्षिका अम्बिका बास्तोलाले बताउनुभयो ।

जिल्लाको दुर्गम बस्तीका घरघरमा पानीको धारा पुगे पनि सदरमुकाम दमौलीदेखि करिब तीन किलोमिटर दूरीमा रहेको उक्त वडाका बासिन्दाले कठिनाइ भोग्दै आएका छन् । पानी भर्न पालो मिच्दा कहिलेकाहीँ झगडा नै हुने गरेको उहाँले बताउनुभयो ।

पछिल्लो समय बढ्दो वन-विनाशका कारण पानीका मुहान सुक्दै गएकाले त्यस क्षेत्रमा पानीको समस्या देखिएको हो । लामो समयदेखि खानेपानीको चरम अभाव झेलेका पतेनी टोलवासीले धारामा प्रशस्त पानी आए ठूलो समस्या समाधान हुने आशामा छन् ।

# म्याग्दीमा २३७ पदमा ७५९ जनाको उम्मेदवारी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १४ बैशाख**

यही वैशाख ३० गते हुन लागेको स्थानीय तह निर्वाचनअन्तर्गत म्याग्दीमा २३७ पदका लागि ७५९ जनाले मनोनयन दर्ता गराएका छन् ।

म्याग्दीका ६ स्थानीय तह र ४५ वडाबाट निर्वाचित हुने पदका लागि निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारले मनोनयन दर्ता गराएको जिल्ला निर्वाचन अधिकारी भीमप्रसाद घिमिरेले जानकारी दिनुभयो ।प्रमुख/अध्यक्षमा ३२, उपप्रमुख/उपाध्यक्षमा २८, वडाध्यक्षमा १६०, खुला सदस्यमा २८०, महिला सदस्यमा १२९ र दलित महिला सदस्यमा १३० जनाको उम्मेदवारी परेको छ । "दाबी-विरोध, छानविन, आवश्यक कारबाही र उम्मेदवारी फिर्ता लिने समय सकिएपछि कूल उम्मेदवार सङ्ख्या कायम हुनेछ ।" बेनी नगरपालिकाको ५२ पदमा १७९, धवलागिरिको ३७ पदमा ८९, मालिकाको ३७ पदमा १४७, मङ्गलाको २७ पदमा १०५, रघुगङ्गाको ४२ पदमा १४१ र अन्नपूर्णको ४२ पदमा ९८ जनाको मनोनयन दर्ता भएको छ । म्याग्दीका ६ स्थानीय तहमा ४५ वडा र ८५ हजार ३७५ मतदाता छन् । कूल मतदातामध्ये ४१ हजार ४१४ पुरुष, ४३ हजार ९६० महिला र एक तेस्रोलिङ्गी छन् । यस्तै ७४ मतदानस्थल र ११४ मतदान केन्द्र छन् । धवलागिरि गाउँपालिका-१ गुर्जाको वडा सदस्यमा एकल उम्मेदवारी परेकाले नेकपा (माओवादी केन्द्र)का सीताकुमारी छन्त्याल निर्विरोध हुनुभएको सहायक निर्वाचन अधिकृत पूर्णबहादुर खत्रीले बताउनुभयो । यस्तै बेनी नगरपालिकाको उपप्रमुखमा नेपाली कांग्रेसबाट उम्मेदवार बन्नुभएकी अमृतदेवी बानियाँका छोरा रोमन्त बानियाँ माओवादी केन्द्रको चुनाव चिह्न लिएर बेनपा-६ को वडा सदस्यमा उम्मेदवार बन्नुभएको छ ।

माओवादी केन्द्रबाट मङ्गला गाउँपालिका-१ कुहुँको वडा सदस्यकी उम्मेदवार ७८ वर्षीया यामकुमारी पुन सबैभन्दा ज्येष्ठ र नेशनल मङ्गोल अर्गनाइजेशनबाट मङ्गला गाउँपालिकाको उपाध्यक्षकी उम्मेदवार २४ वर्षीय भूमि घर्तीमगर सबैभन्दा कम उमेरका उम्मेदवार हुन् ।

# रुपा गाउँपालिका अध्यक्षमा एक महिलासहित तीनको उम्मेदवारी

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ बैशाख**

स्थानीय तहको निर्वाचनमा रुपा गाउँपालिकाको अध्यक्षमा एक महिलासहित तीन जनाले उम्मेदवारी दिनुभएको छ ।

तीन पार्टीका अध्यक्षमध्ये नेपाली कांग्रेसको तर्फबाट महिला उम्मेदवार गिमाया गुरुङले अध्यक्षमा उम्मेदवारी दिनुभएको छ । त्यसैगरी एमालेको तर्फबाट नवराज ओझा, राष्ट्रिय जनमोचाका सोमनाथ अधिकारीले उम्मेदवारी दर्ता गराउनुभएको रुपा गाउँपालिका निर्वाचन अधिकृत रुद्रप्रसाद सुवेदीले जानकारी दिनुभयो । सुवेदीका अनुसार रुपाको उपाध्यक्षमा ५ पार्टीका ३ पुरुष र २ महिलासहित ५ जनाले उम्मेदवारी दिनुभएको छ ।

रुपामा एमालेको तर्फबाट लालसुबा गुरुङ, कांग्रेसका नारायणकुमार श्रेष्ठ, माओवादी केन्द्रका नवराज बराल, नेकपा एसका कपिल पौडेल र राष्ट्रिय जनमोर्चाकी शान्तिदेवी बोहोराले उम्मेदवारी दर्ता गर्नुभएको छ ।

एमालेका गाउँपालिका अध्यक्षका उम्मेदवार नवराज ओझा र उपाध्यक्ष लालसुबा गुरुङ यसअघिका सोही गाउँपालिकाका निर्वाचित प्रतिनिधि हुनुहुन्छ । रुपाको सबै पदमा ११७ जनाको उम्मेदवारी परेको छ ।

# पाँच पालिका प्रमुखमा दोहोर्‍याएर मनोनयन

**पोखरापत्र संवाददाता**
**वालिङ, १४ बैशाख**

आसन्न स्थानीय तहको निर्वाचनमा स्याङ्जाका एघार पालिकामध्ये पाँच पालिकाको प्रमुख/अध्यक्षमा पाँच पुरानै अनुहारले मनोनयन दर्ता गरेका छन् । पाँच नगरपालिका र छ गाउँपालिका रहेको स्याङ्जाका वालिङ, पुतलीबजार नगरपालिका तथा फेदीखोला, कालीगण्डकी, हरिनास गाउँपालिकाको प्रमुखमा पुरानै उम्मेदवारले मनोनयन दर्ता गरेका हुन् । वालिङ नगरपालिकाको प्रमुखमा दिलीपप्रताप खाँण, पुतलीबजार नगर प्रमुखमा सीमाकुमारी क्षेत्री, फेदीखोलाको अध्यक्षमा घनश्याम सुवेदी, कालीगण्डकीको अध्यक्षमा खिमबहादुर थापा, हरिनासको अध्यक्षमा खिमनारायण मानन्धरले पदबाट राजीनामा दिएर सोही पदमा पुनः मनोनयन दर्ता गर्नुभएको हो ।

खाँण नेपाली कांग्रेसबाट यसअघि विजयी हुनुभएको थियो भने क्षेत्री, सुवेदी, थापा, मानन्धर यसअघिको निर्वाचनमा नेकपा एमालेबाट विजयी हुनुभएको थियो । त्यस्तै उपप्रमुख/उपाध्यक्षमा पुतलीबजार नगरपालिकामा महेश पुरी, गल्याङ नगरपालिकामा देवीसरा थापा, कालीगण्डकी गाउँपालिकामा सावित्रा कोइरालाले सोही पदमा मनोनयन दर्ता गर्नुभएको हो । सोही पदमा दोहोरिनका लागि उम्मेदवारी दिने पुरी, थापा, कोइराला यसअघिको निर्वाचनमा नेकपा एमालेबाट विजयी हुनुभएको थियो । अर्जुनचौपारी गाउँपालिका उपाध्यक्ष चीनमाया गुरुङ भने यसपटकको निर्वाचनमा गाउँपालिकाको अध्यक्ष पदमा मनोनयन दर्ता गराउनुभएको छ । नेकपा एमालेले उहाँलाई गाउँपालिकाको अध्यक्ष पदमा मनोनयन दर्ता गराएको हो । यसअघिको निर्वाचनमा उक्त गाउँपालिकाको अध्यक्ष नेपाली कांग्रेसले र उपाध्यक्ष नेकपा एमालेले जितेको थियो । अर्जुनचौपारीगाउँपालिकाकोअध्यक्ष र उपाध्यक्षमा मात्रै नेपाली कांग्रेस र नेकपा एमालेका एक/एकजना प्रतिनिधि निर्वाचित भएका थिए भने अन्य दश वटा पालिकामध्ये सात वटामा नेकपा एमाले र तीनवटामा नेपाली कांग्रेस विजयी भएको थियो ।

# कार्यालय आउजाउमै सकिन्छ चार घण्टा, त्यही पनि फेरि वडाध्यक्ष लड्दै हिमबहादुर

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ बैशाख**

गाउँगाउँमा चुनावी माहोल तातेको छ । अन्नपूर्ण आधार शिविर (एबिसी)को प्रवेश द्वार छोम्रोङमा पनि उम्मेद्वारी दर्तासँगै चुनावी माहोल गर्मिएको छ ।

गुरुङ समुदायको बाक्लो वस्ती भएको छोम्रोङ कास्कीको अन्नपूर्ण गाउँपालिका ११ मा पर्छ । यही गाउँका ५९ वर्षीय हिमबहादुर गुरुङ चुनावी प्रचारप्रसारमा जुटेकाले गाउँमा चुनावी माहोल अरु गाउँभन्दा फरक छ । दोस्रो कार्यकालका लागि पनि उनले नेकपा (एमाले)बाट उम्मेद्वारी दर्ता गराएका छन् । २०७४ सालको निर्वाचनमा हिमबहादुर एक सय २० मतान्तरले विजयी भएका थिए ।

हिमबहादुरले पाँच सय ३० मत ल्याउँदा उनका प्रतिस्पर्धी नेपाली कांग्रेसका भूवनेश्वर गुरुङले चार सय १० मत पाएका थिए । २०६१ सालदेखि २०६८ सम्म छोम्रोङ पर्यटन व्यवस्थापन समितिको चार कार्यकाल अध्यक्ष भए ।

जनतामाझ परिचित भएको र काम गर्ने स्वभाव भएकाले उनले २०७४ सालमा एमालेबाट टिकट पाएका थिए । पछिल्लो कार्यकालमा उनले घरघरमै सामाजिक सुरक्षा भत्ता पुग्ने वातावरण बनाए । 'हाम्रोमा बैंकको सुविधा लिन गाह्रो छ । वृद्धभत्ता लिन सबै बुढाबुढी जान सक्ने अवस्था छैन । मेरो कार्यकालमा टोलटोलमा बैंकको कर्मचारी पुर्‍याएर भत्ता वितरण गरेँ । धेरै बा-आमालाई सहज भयो,' हिमबहादुरले सुनाए, 'अपांगता भएकालाई पनि टोलमै लगेर भत्ता दिने व्यवस्था गरेँ ।' वडा नम्बर ११ पर्यटकीय गतिविधि निकै चलायमान हुने वडा हो । त्यसैले आफ्नो चासो नै पर्यटन विकास भएको हिम सुनाउँछन् । 'हाम्रो पदमार्ग पर्यटन राम्रो छ । पछिल्लो कार्यकालमा आधार शिविर पुग्ने बाटो स्तरोन्नति, ठाउँठाउँमा पुल बनाउने काम गरेँ ।